**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः ११ नोभेम्बर २०२३

समयः १८:५० - १९:०० बजे

**प्रमुख समाचार**

१. राज्यकी मुख्यमन्त्री ममता ब्यानर्जीको आज दार्जिलिङ पहाड़ आगमन भएको छ। उहाँलाई भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा र हिल तृणमूल कंग्रेसका कार्यकर्ताहरूले भव्य स्वागत जनाएका छन्|
२. आरजी कर अस्पतालमा महिला डाक्टरको दुष्कर्म अनि हत्या मामिलाको न्यायिक प्रक्रिया सियालदह अदालतमा आजबाट सुरु भएको छ।
३. पश्चिम बंगालमा राज्य एवं राज्य प्रायोजित स्कूलहरूका प्रधानाध्यापकहरूको संघले उच्च माध्यमिक विद्यार्थीहरूको लागि ट्याबलेट (फोन) खरिदको निम्ति आवन्टित धनराशिको कथित दुरूपयोग भएको आरोप लागेको छ|
४. जीटीएको पर्यटन विभागले दार्जीलिङको मुटु मानिने चौरास्ता नजीकै आज पर्यटन कार्य़ालयको उद्घाटन गरेको छ।
५. जलपाईगुडी जिल्लाको बाग्राकोट ग्राम पञ्चायत अन्तर्गत टोटगाउँ निवासी 28 वर्षीय युवतीको गत 7 नोभेम्बरको दिन सिलगढीको भानु नगरमा रहस्यमय रुपमा मृत्यु भएको छ।

**ममता ब्यानर्जी पहाड भ्रमण**

राज्यकी मुख्यमन्त्री ममता ब्यानर्जीको आज दार्जिलिङ पहाड़ आगमन भएको छ। मुख्यमन्त्री ब्यानर्जी आज पहाड़ आइपुगनु भए पछि जनतालगायत भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा र हिल तृणमूल कंग्रेसका कार्यकर्ताहरूले भव्य स्वागत जनाएका थिए। उहाँ दिउँसो लगभग ४ बजी खरसाङ आइपुगनु भएको थियो।मुख्यमन्त्रीलाई स्वागत जनाउन गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन प्रमुख कार्यपाल अनित थापाए भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाको केन्द्रिय प्रमुख सल्लाहकार गोपाल लामा लगायत सभासदहरू अनि पार्टी कार्यकर्ताहरू र विभिन्न संघ संस्थाहरूका प्रतिनिधिहरू उपस्थित रहेका थिए।मुख्यमन्त्रीलाई स्वागत जनाउन विभिन्न विकास बोर्डका प्रतिनिधिहरू खरसाङको रोहिणी जिरोमा उपस्थित रहेका थिए भने हिल तृणमूल कंग्रेसका प्रतिनिधिहरू खरसाङको टुरिस्ट लजमा उपस्थित थिए। जीटीए प्रमुख अनित थापा मुख्यमन्त्री ममता ब्यानर्जीसितै खरसाङबाट दार्जिलिङ गएका छन्| मुख्यमन्त्री ब्यानर्जी ले भोलि दार्जिलिङमा जीटीएसित प्रशासनिक बैठक गर्नु हुनेछ साथै विभिन्न विकास बोर्डहरूका चेयरम्यानहरूसित बैठक गर्नुहुनेछ | पर्सि बुधवार दिउँसो उहाँले दार्जिलिङको चौरास्तामा सरस मेलाको उद्घाटन गर्ने कार्यक्रम रहेको जानकारी प्राप्त भएको छ। उहाँ बिहिवार, १४ नोभेम्बरको दिन दार्जिलिङबाट फर्किने जानकारी प्राप्त भएको छ। मुख्यमन्त्रीको पहाड़ आगमनले पहाड़मा विभिन्न विकास कार्यहरूको घोषणा हुनसक्ने आशा गरिएको छ।

****** ० ******

**आर. जी. कर**

आरजी कर अस्पतालमा महिला डाक्टरको दुष्कर्म अनि हत्या मामिलाको न्यायिक प्रक्रिया सियालदह अदालतमा आजबाट सुरु भएको छ। यस मामिलामा पीडिताका माता-पिताको पहिलो दुई गवाहीको रुपमा बयान लिइएको छ। मोठ 128 गवाहीहरूमा जुनियर डाक्टरहरू, कोलकाता पुलिस अनि फोरेन्सिक अधिकारी पनि सामेल छन्| जसको बयान भिन्न - भिन्न चरणहरूमा दर्ता गरिनेछ। यस मामिलाको सुनुवाइ आजबाट प्रत्येक दिन हुनेछ। घटना सम्बन्धमा कोलकाता पुलिसले शुरूमा एक सिविक भलिन्टियरलाई पक्राउ गरेको थियो। त्यसै व्यक्तिलाई आरोपीको रुपमा लिएर सीबीआईले चार्जशीट दर्ता गरेको छ। गत सोमबार सियालदह अदालतमा आरोपी विरूद्ध चार्जशीट फाइल गरिएको थियो भने आजबाट न्यायिक प्रक्रिया शुरू भएको छ।

****** ० ******

**ट्याबलेट भ्रष्टाचार**

पश्चिम बंगालमा सरकारी रूपमा थप अर्को भ्रष्टाचार उजागार भएको छ। राज्य एवं राज्य प्रायोजित स्कूलहरूका प्रधानाध्यापकहरूको संघले उच्च माध्यमिक विद्यार्थीहरूको लागि ट्याबलेट (फोन) खरिद गर्नको निम्ति आवन्टित धनराशिको

कथित दुरूपयोगको जाँच हुनुपर्ने माग गरेको छ। एडभान्स्ड सोसाइटी फर हेडमास्टर्स एण्ड हेडमिस्ट्रेसेजश ;एएसएफएचएम)- ले राज्यको स्कूल शिक्षा विभागसित यस मामिलाको साइबर क्राइम दृष्टिकोण मार्फत उचित जाँच होस् भनि आग्रह गरेको छ। संघले भविष्यमा प्रधानाध्यापकहरूलाई अशैक्षणिक गतिविधिहरूदेखि टाड़ा राखियोस् भन्ने पनि मांग गरेको छ | एएसएफएचएमले आफ्नो पत्रमा ट्याबलेट( फोन) खरिदको लागि प्रत्येक बाह्रौं कक्षाको छात्रको निम्ति आवन्टित दश हजार रुपियाँ कतिपय छात्रहरू, विशेष गरी पूर्व मेदिनीपुर जिल्लाका छात्रहरु सम्म पुग्न नसकेकोमा चिन्ता व्यक्त गरेको छ, संघले यसलाईश्महत्वपूर्ण चिन्ताको विषयश्‍ बताएको छ र यसलाई शिक्षा विभागको श्बांग्लार शिक्षा पोर्टलश्‍ .को सुरक्षामा कमजोरीको संकेत पनि भनेको छ।एएसएफएचएमका महासचिव चन्दन माइतीलेए यो दुरूपयोग त्यसबेला मात्र सम्भव हुन्छ जतिबेला छात्र डेटा तथा ब्यांकिंग जानकारीमा धाँधली गरिएको हुन्छ भनि बताएका छन्। उनले बताए अनुसारए ष्तरूणेर स्वप्न’ योजना अन्तर्गत ओटीपी-आधारित लगिन सूचीलाई अन्तिम रूप दिने पुष्टि गर्दछए तर यो ब्यांक विवरणमा बदलाउ वा नक्कली छात्र प्रोफाइल बनाउँदा रोकिँदैन जुन प्रधानाध्यापकहरूको नियन्त्रणदेखि बाहिरको कुरा हो। अर्थात यस भ्रष्टाचारलाई परिणाम दिनको लागि व्यापक रूपमा नक्कली छात्रहरूको सूची बनाइएको छ ताकि धन हत्याउन सकियोस्।हालैमा पूर्व मेदिनीपुरका चारजना प्रधानाध्यापकहरूविरूद्ध आरोप लागेको छए उनीहरूले असली विद्यार्थीहरूको सट्टा अन्यको खातामा धन हस्तान्तरण गरिदिए। यस्तै घटना मालदा र पूर्व बर्दवान जिल्लाबाट पनि प्रकाशमा आइरहेको छ।एएसएफएचएमले प्रधानाध्यापकहरूमाथि लगाइएका आरोपहरूप्रति चिन्ता व्यक्त गर्दै यी आरोपीहरूलाई अनुचित बताएको छ। संघको भनाइ छए जुलाईए २०२४.मा उनीहरूले विद्यार्थीहरूको खातामा अनाधिकृत परिवर्तनको उजूरी गरेका थिएए तर उनीहरूलाई सर्भरको समस्या बताएर टारिदिएका थियो।

****** ० ******

**अपाङ्ग कल्याण संगठन कालेबुङ**

आज आफ्नो विभिन्न मांग लिएर अपाङ्ग कल्याण संगठन कालेबुङद्वारा जिल्ला पाललाई ज्ञापन पत्र बुझाएको छ।ज्ञापन पत्रमा बिशेष गरेर दिव्याङ भत्ता एक हजारबाट बढाएर पाँच हजार प्रति महिना बनाउनु पर्ने साथै कालेबुङमा भएको सरकारी जमीनमा दिब्याङ भवन बनाउनु पर्ने मूख्य मांग राखिएको छ। अपाङ्ग कल्याण संगठन कालेबुङले त्रिकोण पार्कबाट जिल्ला पाल कार्यलयसम्म र्याली गरेर आफ्नो विभिन्न माग बारे जिल्लापाललाई भेट गरी ज्ञापन बुझाएको छ।दिव्याङहरुको असुबिधालाई ध्यानमा राख्दै जिल्लापाल स्वयं कार्यलय अघि आएर प्रतिनिधिहरुसंग भेट गरेका थिए जसको निम्ति अध्यक्ष छोटेलाल प्रसादले जिल्लापालप्रति आभार पनि जनाए।

****** ० ******

**कुणाल घोष महासचिव**

उपचुनाव अघि कुणाल घोषलाई फेरी तृणमूल कांग्रेसको महासचिवको पद प्रदान गरिएको छ । तृणमूल कांग्रेसको तर्फा बाट आज मुख्य निर्वाचन अधिकारी लाई बुझाईएको ज्ञापनमा कुणाल घोषलाई महासचिव बताईएको छ। लोकसभा चुनाव अवधि उनलाई रातारात महासचिवको बाट हटाईएको थियो । उहाँ माथी भाजपा उम्मीदवार तापस रॉय को प्रसंशा गरेको आरोप थियो । उनले लोकसभा चुनाव अवधि एक समारोहमा भाजपा उम्मीदवार तापस रॉय सँग मंच साझा गरेका थिए। विवाद बढे पछि कुणाल घोष ले महासचिव पद बाट राजनीमा दिएका थिए।

****** ० ******

**रवि लामिछाने ( Nepal)**

राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष एवं पूर्वगृहमन्त्री रवि लामिछानेलाई कास्की जिल्ला न्यायलयले आइतबार सहकारी कोष हिनामिना र संगठित अपराध गरेको अभियोगमा थप १३ दिन पुलिस हिरासतमा राखी अनुसन्धान गर्ने अनुमति दिएको छ ।अदालतले लामिछानेलाई हिरासतमा राख्न पुलिसलाई चौथो पटक अनुमति दिएको हो । लामिछानेलाई केन्द्रीय अनुसन्धान ब्यूरोको टोलीले १८ अक्टुबरमा पक्राउ गरेको थियो । पूर्वउपप्रधानमन्त्री लामिछानेलाई पोखराको बचत तथा ऋण सहकारी संस्थाको रकम हिनामिना गरेको आरोपमा पक्राउ गरेको थियो ।

****** ० ******

**पर्यटन कार्यालय उद्घाटन (जीटीए)**

जीटीएको पर्यटन विभागले दार्जीलिङको मुटु मानिने चौरास्ता नजीकै आज पर्यटन कार्य्रालयको उद्घाटन गरेको छ। पहाडमा पर्यटकहरूको सुचारु आगमन साथै पर्यटकहरूलाई कुनै प्रकारको समस्या नहोस् भन्ने उद्देश्य राखि उद्घाटन गरिएको यस कार्यालयमा विभिन्न भाषाका ज्ञाताहरू पनि राखिनेछन्। आजको उद्घाटन समारोहमा जीटीए सभाका प्रमुख अञ्जुल चौहान, पर्यटन विभागका सभासद नोर्देन शेर्पा, ऊर्जा विभागका सभासद योगेन्द्र प्रधान र अन्यको उपस्थिति रहेको थियो|

****** ० ******

## सिलगढी युवती मृत्यु

जलपाईगुडी जिल्लाको बाग्राकोट ग्राम पञ्चायत अन्तर्गत टोटगाउँ निवासी 28 वर्षीय युवतीको गत 7 नोभेम्बरको दिन सिलगढीको भानु नगरमा रहस्यमय रुपमा मृत्यु भएको छ। सिलगढीको वार्ड नम्बर 43 अन्तर्गत लोवर भानु नगरमा भाडाको घरमा युवतीको शव शंकास्पद अवस्थामा भेटिएको थियो। उक्त युवती विगत केही वर्षदेखि सिलगढीमा नै कार्यरत थिईन्। उक्त घटनाको जानकारी पाए लगत्तै भक्तिनगर थानाको पुलिसले घटना स्थलमा पुगेर शवलाई  पोस्टमार्टमको निम्ति उत्तर बंगाल मेडिकल कलेज एवं अस्पताल पठाएको थियो। पुलिसले परिवार पक्षलाई फोन मार्फत घटनाको जानकारी गरेपछि 8 नोभेम्बरको दिन दिउँसो परिवार पक्ष सिलगढी पुगेर हत्याको आशङ्का गर्दै भक्तिनगर थानामा लिखित प्राथमिकी दर्ता गरेका थिए। जसको आधारमा पुलिसले घटनाको अनुसन्धान सुरू गरिसकेको छ। यस घटना मामिलामा हालसम्म कसैलाई पनि पक्राउ गरिएको छैन। आज त्यसैलाई केन्द्र गर्दै आदिवासी गोर्खा संयुक्त समिति अनि टोटगाउँका नागरिकहरू भक्तिनगर थाना पुलिस प्रशासन समक्ष न्याय माग्न पुगेका छन्|

****** ० ******

## तीनधारे गोर्खे हाट

स्थानीय सर सामानहरू प्रवर्धन गर्न तथा जातीय सांस्कृतिको संरक्षण र सम्बर्ध्दनका लागि तीनधारेमा आगामी 17 नोभेम्बरदेखि गोर्खे हाट आयोजना गरिने भएको छ। यस विषयमा आज तीनधारेमा तीनधारे गोर्खे हाट सञ्चालन समितिले पत्रकार सम्मेलनमा यस कुराको जानकारी गराएका छन्|

****** ० ******

## रेलिङ उच्चतर माध्यमिक विद्यालय

गत अक्टोबर महिनामा समग्र शिक्षा अभियान जीटीएको आयोजनामा भएको  जिल्ला स्तरीय "कला उत्सव २०२४" प्रतियोगितामा रेलिङ उच्चतर माध्यमिक विद्यालयका विद्यार्थीहरू अभूतपूर्व प्रदर्शन गर्दै पहिलो स्थानमा आउन सफल भएका थिए भने  अब विद्यालयले दार्जीलिङ जिल्लालाई प्रतिनिधित्व गर्दै आगामी १४ अनि १५ नोभेम्बर २०२४ को दिन कोलकत्ताको ईस्टर्न जोनल कल्चरल सेन्टरमा आयोजित हुने राज्य स्तरको प्रतियोगितामा सहभागीता बन्न कलकत्ता जाने भएका छन । छनोट भएका विद्यार्थीहरू भोलि नै कलकत्ता प्रस्थान गर्ने भएका छन् भने उनीहरूलाई विद्यालय परिवारबाट आग्रिम बधाई अनि शुभकामना पनि दिएका छन।

****** ० ******